READ Nepal
Inspiring Rural Prosperity

PRACTICAL ACTION
Technology challenging poverty

# कुरिलो खेतीमा लाग्ने रोग तथा कीराहरू

कुरिलोको मुख्य रोग सिन्दुरे र ओइलाउने हो ।

**कुरिलोको सिन्दुरे ढुसी** (Puccnia asparagi):
बिरुवाहरू पूरै रातो, खैरो वा सुन्तला रंगको नभएसम्म जारी रहन्छ । यी पछि गएर काला हुन्छन् ।
*नियन्त्रण :*

- साना पातहरू खस्नुअगाडि डाँठहरूलाई काट्ने । काट्ने काम माथि देखि तलसम्म नै गर्नुपर्छ, जसले गर्दा रोगी भागहरू रहन पाउँदैनन् । काटिएका रोगी बोटहरू तुरुन्तै जलाइदिनुपर्छ ।
- मल बनाउँदा तीतेपाती, अँसुरो, निम-बकाइनो आदिको प्रयोग गर्न सके यो रोगको नियन्त्रण गर्न सकिन्छ । गाईको गहुँत प्रयोग गर्दा पनि यो रोगका सजिलै नियन्त्रण गर्न सकिन्छ ।



*चित्रः कुरिलोको सिन्दुरे ढुसी*

**कुरिलो ओइलाउनेः**
*नियन्त्रणः*

- यो ढुसी रोग (Fusarium) लागेको ठाउँमा कुरिलो खेती गर्नु हुँदैन ।
- बेर्ना सारेको १ महिनापछि र खाने कुरिलो उत्पादन नहुँदै पोलिराम भन्ने विषादी १ लि. पानीमा घोलि छर्नाले रोग लाग्नबाट बचावट हुन्छ । कुरिलो टुसा आएपछि विषादी छर्नु हुँदैन ।

**कुरिलोको लाहीः**
पानीको फोहोराले हानेर अथवा साबुन पानी छ्यापेर पनि नियन्त्रण गर्न सकिन्छ ।

**खपटे कीराः**
झार, फोहर, जाडोमा सुकेका बोटहरू हटाउने जसले गर्दा यसको नियन्त्रणमा सहयोग पुग्दछ ।

**झुसुले कीराः**
रोगोरइन विषादी १ लिटर पानीमा २ मि.लि. राखी छर्नाले नियन्त्रण हुन्छ । तर कुरिलोको टुसा (मुना) नआएको बेलामा मात्र छर्नुपर्छ । विषादी छरेपछि १० दिनसम्म कुरिलोको टुसा झिकी खान, बजारमा लगी बिक्री गर्न नहुने, त्यसपछि मात्र टुसा बजारमा लगी बिक्री वितरण गर्न उपयुक्त हुन्छ ।

*(स्रोतः तरकारी खेती प्रविधि – कृषि तथा सहकारी मन्त्रालय, चैत /२०६८)*

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*

संक्षिप्त प्राविधिक ज्ञान